मिति २०८२ साल भाद्र २३ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए । बैठक संख्याः ९७

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री ~~गणेश दत्त मिश्र~~ मानदेव भट्ट | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:१ यस दोधारा चाँदनी नगरपालिका वडा नं.०३ बस्ने प्रदिप पाण्डेयले यसै नगरपालिका वडा नं.०२ मा कार्यालय रहने गरी वि एम पि निर्माण सेवाको नामबाट घ वर्गको निर्माण ईजाजत पत्र पाउ भनि निवेदन दिएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २, को (छ) (१०) बमोजिम घ वर्गको निर्माण ईजाजत पत्र दिने निर्णय गरियो।

निर्णय नं:२ जिल्ला समन्वय समिति कञ्चनपुरबाट सवारी साधन मर्मतका लागि माग भई आए बमोजिम मर्मत खर्चमा लागेको रकम रु.३९११४४/- अक्षरुपी तीन लाख एकानब्बे हजार एक सय चवालीस मात्र सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं:३ यस नगरपालिका वडा नं.०२ मा रहेको अधुरो दोधारा चाँदनी खानेपानी आयोजना कार्यान्वयनका लागि खानेपानी तथा ढल व्यवस्थापन कार्यालय कंचनपुर संग द्विपक्षिय सम्झौता गर्ने र आयोजना कार्यान्वयनका लागि स्वीकृत लागत अनुमानको ०.५ प्रतिशत बराबरको रकम दोधारा चाँदनी नगरपालिकाले मिलान कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं:४ यस नगरपालिका र मातहतका निकायमा कार्यरत करारका कर्मचारीहरुको करार अवधि २०८२ श्रावण १ गते देखि २०८३ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं:५ सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, संचालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०८१ को दफा ९ बमोजिम तह मिलान र तह बृद्धि हुन छुट भएका सम्बन्धमा सम्मनित सर्वोच्च अदालतबाट तह मिलान/तह बृद्धि गर्न आदेश भएको हुदा यस नगरपालिकामा कार्यरत देहायका कर्मचारीहरुलाई देहायको तहमा मिलान/तह बृद्धि गर्ने निर्णय गरियो।

| सि. नं. | नामथर | कर्मचारी संकेत नं. | सेवा/समुह | हालको पद/ तह | हालको पदमा नियुक्ति मिति | मिलानको सेवा/समुह | मिलानको पद/ तह |
|---|---|---|---|---|---|---|---|
| १ | गणेश दत्त मिश्र | १९७३०७ | शिक्षा/ शिक्षा प्रशासन | अधिकृत नवौं | २०७४/११/१० | शिक्षा/ शिक्षा प्रशासन | उपसचिव/दशौं |
| २ | यज्ञराज लेखक | १५१०३३ | प्रशासन/ लेखा | अधिकृत आठौं | २०७५/११/१५ | प्रशासन/ लेखा | उपसचिव/ नवौं |
| ३ | हरि दत्त जोशी | २०३६३४ | शिक्षा/ शिक्षा प्रशासन | अधिकृत आठौं | २०७५/१२/१० | शिक्षा/ शिक्षा प्रशासन | उपसचिव/ नवौं |
| ४ | डम्मर ध्वज अवस्थी | १६९५९२ | प्रशासन/ सामान्य प्रशासन | अधिकृत छैठौं | २०७६/०३/०५ | प्रशासन/ सामान्य प्रशासन | अधिकृत सातौं |
| ५ | कृष्ण सिंह साउँद | १६०४९१ | कृषि/ लापोडेडे | अधिकृत छैठौं | २०७६/०२/०१ | कृषि/ लापोडेडे | अधिकृत सातौं |
| ६ | नन्दराज भट्ट | १५०३० | कृषि/ भेटेरिनरी | अधिकृत छैठौं | २०७६/०२/१२ | कृषि/ भेटेरिनरी | अधिकृत सातौं |

निर्णय नं:६ यस नगरपालिकामा कंचनपुर जिल्ला फुटवल संघद्वारा संचालन हुने, राष्ट्रिय स्तरको फुटवल रेफ्री तथा प्रशिक्षक (Coach) सम्बन्धी आवासिय तालिमका लागि उक्त संस्था संग यस पालिकाले सहकार्य गर्ने र तालिम संचालन गर्नको लागि रु.८०००००/- (आठ लाख मात्र) रकम मिलान कोष शिर्पकबाट भुक्तानी गर्ने निर्णय गरयो।

निर्णय नं:७ वडा नं.१० को आधारभुत स्वास्थ्य केन्द्रद्वारा संचालित एम्बुलेन्सका लागि सवारी चालक (ड्राईभर)-व्यवस्थापन सम्बन्धित आधारभुत स्वास्थ्य केन्द्रले नै गर्ने निर्णय गरियो।

निर्णय नं:८ यस नगरपालिका वडा नं.०८ का वडा अध्यक्ष श्री ओमप्रकाश रोकायाको खुट्टाको शल्यक्रिया गर्नु भएकोले निजलाई रु.५००००/- र यस कार्यालय नापी फिल्ड सहयोगी भूपाल सिंह साउँदका बुवा शेर सिंह साउँदलाई मुटु सम्बन्धी रोग भएकोले निजलाई रु.२५०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं:९ यस नगरपालिका अन्तरगत कार्यान्वयन हुने विकास निर्माणका कार्यहरुको कार्यान्वयनको जिम्मा पाएका उपभोक्ता समिति र निर्माण व्यवसायीहरुले तपसिल अनुसारको वृक्षारोपण गर्ने निर्णय गरियो।

तपसिल:

| सि.नं. | लागत अनुमान | वृक्षारोपण गर्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १ | रु.पाँच लाख सम्म | २० वटा | वृक्षारोपणका लागि स्थान नगरपालिकाले तोक्ने र सोमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित निर्माण व्यवसायी/उपभोक्ता समितिले व्यहोर्नुपर्ने। |
| २ | रु.पाँच लाख देखी दश लाख सम्म | ५० वटा | |
| ३ | रु.दश लाख देखी पच्चिस लाख सम्म | १०० वटा | |
| ४ | रु.पच्चिस लाख देखी पचास लाख सम्म | १५० वटा | |
| ५ | रु.पचास लाख देखी एक करोड सम्म | २०० वटा | |
| ६ | रु.एक करोड भन्दा माथी | ५०० वटा | |

निर्णय नं:१० यस नगरपालिका वडा नं.०६ पोखरेल टोलमा बाटो संरक्षण गर्न कट्टा/बोरामा माटो भरान गरी संरक्षण गर्ने र सोको लागि रु.१०००००/- एक लाख विपद् व्यवस्थापन कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं:११ यस नगरपालिकाको जर्का टोल र रामपुरे टोलमा जैविका तटबन्धका लागि रु.५०००००/- पाँच लाख विपद् व्यवस्थापन कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं:१२ यस नगरपालिका वडा नं.०९ मा रहेको श्री अम्बिका मा.वि.को पुरानो भवन संग जोडिएको भर्याङ पुर्ण रुपमा बाढिका कारण क्षति भई भत्केकोले सो भर्याङ निर्माणका लागि रु.३०००००/- तीन लाख विपद् व्यवस्थापन कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं:१२ यस नगरपालिका अन्तरगतका विद्यालयहरुमा कार्यरत ECD शिक्षकहरुको पारिश्रमिकमा मासिक रु.१०००/-का दरले बृद्धि गर्ने र निजहरुले विद्यार्थी संख्या बढाउन पहल गर्न आगामी नयाँ आर्थिक वर्ष सम्मको समय दिने निर्णय गरियो।